# प्रेस विज्ञप्ति- २१५

# Press Release-215

लागु औषध नियन्त्रण व्यूरो
**NarcoticsControlBureau**
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०१।१९ गते।

# नियन्त्रित लागु औषध मनोद्विपक पदार्थ सहित १ जना मानिस पक्राउ

१) मिति २०७५/०१/१८ गते लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला रामेछाप लिखु गाउँपालिका वडा नं. १ ठेगाना भएका वर्ष ३२ को केशव पौडेललाई नियन्त्रित लागु औषध डाईजेपाम १००० एम्पुल बुप्रेनोर्फिन १००० एम्पुल, फेनारगन १००० एम्पुल गरी जम्मा ३००० एम्पूल सहित जिल्ला काठमाण्डौ, का.म.न.पा.न.वडा नं. १४ कलंकी स्थित बाबा पेट्रोल पम्प अगाडी बाट पक्राउ गरिएको छ । पक्राउ परेका केशव पौडेल विगत लामो समय देखि नेपाल-भारत सीमाबाट नियन्त्रित लागु औषधको कारोवारमा सक्रिय भई काठमाण्डौ लगायत नेपालका प्रमुख शहरहरुमा लागु औषधको कारोवार गर्ने संजालमा संलग्न भएको समेत प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

**स्मरण रहोस :** निज केशव पौडेल यस भन्दा पहिले पनि लागु औषध खैरो हेरोईन ३५ ग्राम सहित पक्राउमा परि काठमाण्डौ जिल्ला अदालतबाट १० बर्ष कैद ७५,०००।- हजार जरिवाना तोकिएकोमा उक्त कैद र जरिवाना भूक्तान गरि मिति २०७४।०६।०१ गते छुटेका व्यक्ति हुन।

निज उपर यस कार्यालयबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।






साथबाट बरामद भएको
बुप्रेनोर्फिन –१००० पिस
डाईजेपाम –१००० पिस
फेनारगन –१८०० पिस